"साँस्कृतिक शान, आठराईको पहिचान"

# आठराई राजपत्र

# आठराई गाउँपालिकाद्वारा प्रकाशित


## खण्ड ६ संख्याः १९

**गाउँ कार्यपालिकाद्वरा स्वीकृत मितिः २०८०/११/१३**

**राजपत्रमा प्रकाशित मितिः २०८०/११/१४**


## भाग २

**आठराई गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**संक्रान्तिबजार, तेह्रथुम**

**कोशी प्रदेश, नेपाल।**

# आठराई गाउँपालिकाको बैठक सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८०

**प्रस्तावनाः** आठराई गाउँपालिकाको बैठक सञ्चालन कार्यविधि, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आठराई गाउँपालिकाले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "आठराई गाउँपालिकाको बैठक सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. **आठराई गाउँपालिकाको बैठक सञ्चालन कार्यविधि, २०७४ को दफा १४ मा संशोधनः-**

(१) आठराई गाउँपालिकाको बैठक सञ्चालन कार्यविधि, २०७४ (यसपछि "मूल कार्यविधि" भनिएको) को उपदफा (१४.५) पछि उपदफा (१४.६) थप गरिएको छः-

"१४.६ कार्यपालिका सदस्य उपस्थित हुन नसक्ने भएमा अध्यक्षलाई पूर्व जानकारी गराउनु पर्नेछ।"

३. **रुपान्तरः** मूल कार्यविधिको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुलाई देहाय बमोजिम रुपान्तर गरिएको छः-

(क) "कार्यकारी अधिकृत" भन्ने शब्दको सट्टा "प्रमुख प्रशासकीय अधिकृत"

(ख) "१ नं. प्रदेश" भन्ने शब्दको सट्टा "कोशी प्रदेश"

आज्ञाले,
श्री निराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत
आठराई गाउँपालिका